बैठक ५४

आज मिति २०८०।०१।३१ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरू गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडाध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री राकेश पाण्डे | सदस्य-सचिव |

बैठक मिति :२०८०।०१।३१

निर्णयहरु :

**१.योजना सम्झौताको म्याद थप सम्वन्धमा ।**

यस नगरपालिकाद्धारा चालु आ.व.२०७९।०८० मा उपभोक्ता समिति मार्फत संचालन तथा कार्यान्वयन हुने धेरै जसो योजनाहरुको सम्झौता म्याद मिति २०८० साल बैशाख ३० गते र केही योजनाको म्याद २०८० जेष्ठ १५ गतेसम्म रहेकोमा विभिन्न कारण सम्झौताको म्याद भित्र कार्य सम्पन्न हुन नसक्ने योजनाहरुको म्याद थपको लागि उपभोक्ता समिति मार्फत निवेदन पेश भएको हुँदा उल्लेखित सवै योजनाहरुको सम्झौता म्याद २०८० साल जेष्ठ मसान्त सम्म थप गर्ने निर्णय गरियो।

**२. प्रशासकीय भवन ठेक्का सम्झौताको म्याद थप सम्वन्धमा ।**

यस नगगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि मिति २०७६।०३।३०मा ठेक्का सम्झौता भएकोमा सम्मानित सर्वोच्च अदालतको आदेशबाट उक्त प्रशासकीय भवन निर्माण रोक्काको लागि अन्तरिम आदेश भई निर्माण कार्य अवरुद्ध भएकोमा २०७९ असार महिनामा स्टेअडर खारेज भएको र ठेक्का सम्झौताको म्याद २०७८।०३।१५ सम्म मात्रै रही म्याद समाप्त भएकोले निर्माण कार्य रोक्का भएको अवधि २१ महिनाको म्याद थप गर्न शर्तको रुपमा ठेकेदारले ३४ महिना वरावरको कार्यसम्पादन जमानत र २२ महिना बराबरको अग्रिम पेश्की जमानत पेश गरेमा उक्त ठेक्का सम्झौताको म्याद सम्झौताको मितिले २१ महिना सम्म थप गर्ने तर कार्यालयबाट निर्माण कम्पन्नीलाई पत्राचार भएको मितिले ७ दिन भित्र अग्रीम पेश्की जमानत पेश नगरेमा सरकारी बाँकी सरह असुल गर्न नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अन्तर्गतको कुमारी चोक तथा केन्द्रिय तहशील कार्यालयमा लेखि पठाउने निर्णय गरियो।

**३. अन्य प्रस्तावहरु सम्वन्धमा ।**

आजको कार्यापालिका बैठकमा छलफलको लागि पेश भएका अन्य प्रस्तावहरुको सम्वन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

राकेश पाण्डे

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख